श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय।

सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संशोधनसम्बन्धी विषय म.प.बै.सं. ५८/०७८ मिति २०७८/९/८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

<u>नेपाल सरकारको निर्णय</u>–

"नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/८/१३ को निर्णयानुसार सङ्क्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएको आदेशको प्रकरण १ को खण्ड (ग) पछि देहायको खण्ड (ग१.), (ग२.) र (ग३.) थप गरी सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

(ग१.) खण्ड (क) र खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्ण खोप लगाएको १४ दिन पुगेको र ७२ घण्टाभित्रको पिसिआर परीक्षण रिपोर्ट नेगेटिभ भएका नेपाली नागरिक र कुटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशी नागरिकलाई कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण नदेखिएको अवस्थामा घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग२.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका नेपाली नागरिकहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने। परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई घरमै १० दिन क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।

(ग३.) खोपको मात्रा पूरा नगरेका वा खोपको मात्रा पूरा गरेको १४ दिन नपुगेका कुटनीतिक वा अफिसियल पासपोर्ट बाहक वा आवासीय भिसा प्राप्त गरेका विदेशीहरूको नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षण गर्ने।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

परीक्षण रिपोर्ट पोजिटिभ देखिएकालाई संस्थागत आइसोलेसन वा सम्वन्धित कुटनीतिक नियोगको जिम्मेवारीमा होम आइसोलेसनमा पठाउने र परीक्षण रिपोर्ट नेगेटिभ देखिएकालाई १० दिन होटेल क्वारेन्टिन वा सम्वन्धित कुटनीतिक नियोगको जिम्मेवारीमा होम क्वारेन्टिन बस्ने गरी प्रवेश अनुमति दिने।"

(शंकरदास वैरागी)
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।
श्री सचिव, अर्थ मन्त्रालय।
श्री सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय।
श्री सचिव, गृह मन्त्रालय।
श्री सचिव, परराष्ट्र मन्त्रालय।
श्री सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।